# सम्पादकीय

नेपाल प्रज्ञा–प्रतिष्ठान सामाजिकशास्त्र विभागले सामाजिशास्त्रसम्बन्धी विभिन्न अनुसन्धान, गोष्ठी तथा प्रकाशन गर्दै आइरहेको छ। यसै क्रममा समाज अन्वेषण विज्ञसमीक्षित अर्धवार्षिक जर्नलको पाँचौँ अङ्क प्रकाशनको तयारीमा रहेको छ । मुलुक सङ्घीय, लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा छ । यद्यपि जातीय, लैङ्गिक तथा क्षेत्रीयताका आधारमा हुने गरेका विभेद कायमै छन् । परम्पराको निरन्तरताका नाममा विभिन्न प्रथाजनित रुढिवादले नेपाली समाजलाई छोडेको छैन । परिवर्तनको जिज्ञासाले नयाँनयाँ खोज र अनुसन्धानमा सामाजिक चेतना अभिवृद्धि गर्दछ। बौद्धिक चेतनायुक्त परिकल्पनालाई मूर्त र साकार रूप दिन बहस आवश्यक छ। बहसले अनेकौँ प्रश्नहरूको उत्तर खोजी गरेर उचित निष्कर्षमा पुर्‍याउँछ।

यस वर्ष पनि सामाजिकशास्त्र वार्षिक सङ्गोष्ठी (२०८२) सम्पन्न भएको छ। नेपाली समाजका विविधताहरू मुख्य विषय रहेको सङ्गोष्ठीमा प्राप्त भएका २७ लेखमध्ये छनौटमा परेका १३ ओटा लेखहरू प्रस्तुत भए। समाजशास्त्र, मानवशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र, इतिहास, मानवअधिकार, स्वास्थ्य विज्ञानलगायत विषयका विज्ञहरू, राजनीतिक सामाजिक अभियान्ता, मानवअधिकारकर्मी, प्राध्यापकहरूको सक्रिय सहभागिताले गोष्ठीको गरिमा र ओज बढेको छ। समसामयिक नेपाली समाजका अत्यन्तै सान्दर्भिक विषयहरूमा भएका बहसले सकारात्मक सन्देश प्रवाह गरेको छ। सामाजिकशास्त्रका नयाँ आयामहरू, समाजवाद उन्मुख अर्थतन्त्र, वैज्ञानिक समाजवाद तथा संस्कृति, समाजवाद र संस्कृतिको विश्लेषण, पर्यावरणको वैज्ञानिक विश्लेषणजस्ता महत्त्वपूर्ण विषयमा विषय विज्ञहरूले राखेका बौद्धिक विचार र यस किसिमका विषयको निरन्तर बहसले लोकतान्त्रिक मूल्यमान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध हुन सहयोग पुग्नेछ। बहुलवादी नेपाली समाजको विविधतालाई स्वीकार गर्दै सामाजिशास्त्रसँग सम्बन्धित विविध विषयमा लेखिएका लेखहरूको सङ्कलन, सम्पादन र प्रकाशनद्वारा सामाजिकशास्त्र विषयका अध्ययनअनुसन्धानमा रुचिका साथ लाग्नुहुने देशका विभिन्न व्यक्तिहरूको ज्ञान सम्प्रेषण हुनेछ। प्रतिभामा निखार ल्याउन र आवश्यक सन्दर्भ सामग्री अध्ययनमा समेत सहयोग पुर्‍याउने हाम्रो अपेक्षा रहेको छ।

यस अङ्कमा यस्ता विषयहरूसँग सम्बन्धित विविध विषयका २० ओटा लेखहरू समाविष्ट छन् । प्रकाशित भइसकेका अन्य अङ्कहरू जस्तै यो अङ्क पनि विषयगत विविधता र समावेशी बनाउने तथा लेखकहरूको सामग्री व्यवस्थापनमा एकरूपता गर्ने प्रयास गरिएको छ । बहुआयामिक नेपाली समाजको अध्ययनअनुसन्धानमा रुचि राख्ने पाठक तथा अध्येताहरूका लागि यो जर्नलका लेखहरू महत्त्वपूर्ण सन्दर्भसामग्री हुनेछन् भन्ने विश्वास लिइएको छ। यस जर्नलमा समावेश गरिएका लेखहरूमा व्यक्त विचार र सन्दर्भसामग्रीका सम्बन्धमा लेखकहरू स्वयम् जिम्मेवार रहनुहुनेछ । हामीलाई विश्वास गरेर लेख पठाउनुहुने लेखकहरू तथा विज्ञ समीक्षकहरूप्रति हार्दिक धन्यवाद दिन्छौँ।

**प्रधान सम्पादक**